स्थानीय राजपत्र
पञ्चेश्वर गाउँपालिका द्वारा प्रकाशित

**सुदूर पश्चिम प्रदेश, आम्चौरा जेष्ठ २५ गते शनिबार २०७६ साल खण्ड १ संख्या ८**

# पञ्चेवर गाउँपालिका दलित सम्बन्धि कार्यबिधि, २०७६

(२०७६/०२/२५ को गाउँ सभा बाट अनुमोदन) पञ्चेश्वर गाउँकार्यपालिकाबाट श्वीकृत मिति २०७६/०२/२५

# पञ्चेवर गाउँपालिका दलित सम्बन्धि कार्यबिधि, २०७६

प्रस्तावना :

दलित समुदायको मानव अधिकारको सम्मान तथा हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न तथा जातीय भेदभाव र छुवाछूतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न पञ्चेवर गाउँपालिकले दलित सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ४० र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम पञ्चेवर गाउँपालिका दलित सम्बन्धि कार्यबिधि२०७६ बनाई गाउँ कार्यपालिकाको बैठकवाट पारित गरि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “पञ्चेवर गाउँपालिका दलित सम्बन्धि कार्यबिधि२०७५” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अध्यक्ष” भन्नाले गाउपालिकाअध्यक्ष सम्झनु पर्छ।

(ख) “कार्यबिधि” भन्नाले पञ्चेवर गाउँपालिका दलित सम्बन्धि कार्यबिधि२०७५सम्झनु पर्छ।

(ग) “जातीय भेदभाव तथा छुवाछूत” भन्नाले जात, जन्म, वंश, वर्ण वा पेशाका आधारमा गरिने कुनै पनि प्रकारको भेदभाव, बहिष्करण, अस्वीकार, प्रतिबन्ध, निषेध, शोषण, दमन, निष्काशन, नाकाबन्दी वा छुवाछूतजन्य व्यवहार, असहिष्णुता वा अवहेलना र प्रचलित कानून बमोजिमका परिभाषा समेतलाई सम्झनु पर्छ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यबिधि अन्तर्गत बनेको नियममा तो)तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ। )

ङ) “दलित समुदाय” भन्नाले नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ।

(च) “सदस्य” भन्नाले गाउपालिकाको सदस्य सम्झनु पर्छ ।

(छ) “संविधान” भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ। )

## परिच्छेद-२
## उद्धेश्य, कर्तव्य र अधिकार

३. उद्धेश्य, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित अध्ययन, अनुसन्धान गरी त्यस्तामा गर्नु पर्ने सुधार

(ग) दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्ने,
(घ) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उच नीचदर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछूत वा सामाजिक कुरीति विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,
(ङ) दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण लागि दलित समुदायको सम्बन्धमा आवश्यक निर्देशन दिने,
(छ) दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गर्ने,
(ज) दलित समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि संघ सरकार,प्रदेश सरकार  र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,
(झ) गाउपालिकाले वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।_आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, )

## परिच्छेद-३
## उजुरी कारबाही सम्बन्धी

**८. उजुरी दिन सक्ने :**
(१) कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले गाउपालिका समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त हुन आएमा आयोगले त्यस्तो उजुरी तोकिए बमोजिम दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।
(३) उपदफा (१) सँग सम्बन्धित विषयमा गाउपालिकालाई अन्य कुनै माध्यमबाट जानकारी प्राप्त हुन आएमा त्यस्तो जानकारी लिपिबद्ध गरी उपदफा (२) बमोजिम दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।
(४) यस कार्यबिधि बमोजिम पञ्चेश्वर गायपालिकामा उजुरी दिँदा रु. १००दस्तुर लाग्ने छ  । )

**९.प्रारम्भिक छानबिन तथा कारबाही** : (१) दफा ८ को उपदफा (१) बमोजिम प्राप्त उजुरी वा उपदफा (३) बमोजिम प्राप्त जानकारी उपर गाउपालिकाले प्रारम्भिक छानबिन गर्नेछ ।
(२) उपदफा (१) बमोजिम प्रारम्भिक छानबिन गर्दा प्रथम दृष्टिमा नै दलितको हक हितमा प्रतिकूल असर परेको देखिएमा गाउपालिकाले त्यस्तो कार्य रोक्न सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई तत्काल रोक लगाउन सक्नेछ ।
**१०. उजुरीको छानबिन** : (१) दफा ९ बमोजिम प्रारम्भिक छानबिन गर्दा दलित समुदायको हक हित प्रतिकूल असर परेको देखिएमा त्यस्तो उजुरी उपर गाउपालिका आफैले वा आवश्यकता अनुसार समिति गठन गरी वा अधिकृत कर्मचारीबाट तोकिए बमोजिम छानबिन गर्न वा गराउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम छानबिन गर्दा , छानबिन समिति वा छानबिन गर्ने अधिकृत कर्मचारीलाई देहाय बमोजिमको अधिकार हुनेछ :-
(क) कुनै व्यक्तिलाई उपस्थित गराई जानकारी लिने,
(ख) कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न लगाउने,
(ग कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट जाँचबुझको विषयसँग सम्बन्धित कुनै लिखत वा त्यसको नक्कल झिकाउने ।

(३) उपदफा (१) बमोजिम छानबिन सम्पन्न भएपछि त्यसको प्रतिवेदन गाउपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उजुरीको छानबिन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । ५) आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्ने,

**११. छानबिन नगर्ने** : दफा ९ वा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट अनुसन्धान भइरहेको वा भइसकेको विषयमा छानबिन वा कारबाही गर्ने छैन ।

**१२. मुद्दा दायर गर्न सिफारिस गर्ने** : (१) दफा १० बमोजिम छानबिन गर्दा मुद्दा दायर गर्नु पर्ने देखिएमा त्यस्तो विषयको मुद्दा गर्ने हदम्यादभित्र मुद्दा दायर गर्न प्रशासन अधिकुत समक्ष सिफारिस गरी त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा मुद्दा दायर गर्न सहयोग पुग्ने छानबिनको क्रममा सङ्कलन गरेको तथ्य, कागज तथा प्रमाणको प्रतिलिपिसमेत सम्बन्धित निकायलाई उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मुद्दा चलाउन लेखी आएमा प्रसासनिक अधिकृतले सो विषयमा आवश्यक जाँचबुझ गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नेछ ।

**१३. उजुरी खारेज गर्नसक्ने** : (१) दफा ९ वा १० बमोजिम छानबिन गर्दा उजूरी आधारहीन देखिएमा त्यसको कारण खुलाई त्यस्तो उजुरी खारेज गर्न सक्नेछ ।

(२) गाउपालिकाले उपदफा (१) बमोजिम उजुरी खारेज गर्ने निर्णय गरेकोमा त्यस्तो निर्णय भएको मितिले सात दिनभित्र सम्बन्धित उजुरकर्तालाई जानकारी दिनु पर्नेछ ।

**१४. मेलमिलाप सम्बन्धी व्यवस्था** :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरुले मेलमिलाप गराई पाउन संयुक्त निवेदन दिएमा प्रचलित कानून बमोजिम मिलापत्र हुनसक्ने विषयमा मेलमिलाप गराइदिन सक्नेछ ।

(२) कुनै उजुरीका सम्बन्धमा उपदफा (१) बमोजिम मेलमिलाप भएपछि मिलापत्र कार्यान्वयन नभएको विषयमा बाहेक अन्य विषयमा पुनः उजुर लाग्ने छैन ।

(३) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । सात दिनभित्र सम्बन्धित उजुरकर्तालाई जानकारी दिनु पर्नेछ । )

**१५.सिफारिस वा निर्णयको कार्यान्वयन** : (१) यस कार्यबिधि बमोजिम गरेको सिफारिस वा निर्णयको कार्यान्वयनका लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीले त्यसको कार्यान्वयन गरी जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गाउपालिकाबाट लेखी आएको विषय कुनै कारणले कार्यान्वयन गर्न नसकिने भएमा सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले त्यसको कारण खुलाई अविलम्ब गाउपालिकालाई जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा त्यस्तो विषयमा पुनः विचार गरी निर्णय गर्न र सो बमोजिम कुनै व्यक्ति, निकाय वा पदाधिकारीलाई कुनै विषय कार्यान्वयन गर्न लेखी पठाउन सक्नेछ । )

परिच्छेद-४

## पञ्चेवर गाउँपालिकाद्धारा संचालन गरिने कार्यक्रमहरु :

**(क) पूर्वाधार विकास :**

१.खानेपानी तथा सरसफाई : इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, आकाशेपानी संकलन, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण, मर्मत र सम्भार ।

२.बैकल्पीक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, गोबरग्यास, पानी घट्ट, खाद्य प्रशोधन आदि आयोजनाहरु

२.स्थानीय तहमा सामाजिक पूँजी अभिवृद्धि गर्ने तथा तालिम संचालन गर्न सामुदायिक भवन ।

३.सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहाँसीक पूर्वाधार संरक्षण तथा मर्मत सुधार

४.लक्षित समूहहरुको आवश्यकतामा आधारित साना तिना उत्पादनमूलक आयोजनाहरु आदि कार्यक्रम

**(ख) सामाजिक/क्षमता विकास :**

१.विभिन्न पछाडि परेको तथा पारिएका विपन्न वर्गहरुको पार्श्वचित्र तयारी तथा विपन्न वर्गको नक्साङ्कन तयारी ।

२.स्थानीय निकाय एवं विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट संचालन गर्ने विकासको कार्यको समय सीमा, कार्य पद्धति, बञ्चितमा परेको समुदाय र जनताका लागि विद्यमान नीतिगत प्रावधानहरू सम्बन्धी जनचेतना जगाउने कार्यक्रम ।

३.सूचना र सञ्चारमा पहुँच, बैदेशिक रोजगारीको लागि आवश्यक जानकारी र सीपको विकास, लोक सेवा तयारी कक्षा संचालन ।

४.अधिकारमा आधारित विकास अवधारणा, विभेदयुक्त प्रचलन, मानव अधिकार, नीति, कानुन आदीबारे चेतना अभिवृद्धि कार्यक्रम ।

५.विपन्न पछाडि परेको वर्गहरुको समूह र सञ्जालहरुको सुदृढिकरण र संस्थागत विकास कार्यक्रम, नेतृत्व विकास कार्यक्रम र सशक्तीकरण सम्बन्धी कार्यक्रम ।

६.ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुको लागी सामाजिक सुरक्षा, क्षमता विकास सम्वन्धी कार्यक्रम ।

७.समाजका सबै भाषा, धर्म जातिहरु प्रति सदभाव जगाउन उन्मुख गराउने कार्यक्रम र जनचेतनामूलक आदि कार्यक्रमहरु ।

**(ग) आर्थिक/सीप विकास कृषिमा आधारित :**

१.कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघुउद्योगहरुको संचालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार, लक्षित समूहहरुको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिमहरु र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्बन्धी क्रियाकलापहरु ।

२.गैर कृषिमा आधारित : घरेलु तथा लघुउद्यम उद्योगहरुको संचालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजार मैत्री रुपमा आधुनिकरण गर्ने, लक्षित समूहको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु आदि कार्यक्रम र आरन सुधार, छाला प्रशोद्धन गरि सिप व्यबसायलाई आधुनिकीकरण गर्ने, ।

(घ) संस्थागत विकासः
१.सामुदायिक संस्था, यस वर्गका विभिन्न संघ संस्थाको संस्थागत विकास सम्बन्धी आदि कार्यक्रमहरु ।

## परिच्छेद :– ५
## अनुगमन तथा मुल्यांकन :

रणनीति अनुसार संचालन गरिने क्रियाकलापहरुको प्रभावकारीताका लागि सरोकारवाला निकायहरु संगको समन्वय तथा सहकार्यमा अनुगमन मुल्यांकन गरिनेछ । अनुगमन मुल्यांकनका क्रममा प्राप्त सुझावहरुका आधारमा रणनीतिलाई परिमार्जन गर्दै लगिनेछ । साथै तपशिल बमोजिमका पदाधिकारी रहने गरी अनुगमन समिति गठन गरीनेछ ।
तपशिल :
१.उपाध्यक्ष - संयोजक
२.प्रमुख प्रशासकिय अधिकृत - सदस्य
३.गाउपालिकाकार्यपालिकाका सबै दलित सदस्य - सदस्य
४. कार्यकम लागु भएको वडामा वडा अध्यक्ष पदेन सदस्य
५: गाउपालिका स्तरीय दलित संञ्जालको प्रतिनिधि एक जना सदस्य

## परिच्छेद ४
## विविध

१४. अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्नेः कुन निणय वा आदेश प्रमाणीकरण सम्बन्धमा प्रचलित नेपाल कानूनमा छुट्ट व्यवस्था भएकोमा त्यस्ता विषयमा यस नियममा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

१५. कार्यविधि बनाउन सक्नेः
यस नियमको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

१६. बचाऊः

यस अघि स्थानीय निकायबाट प्रचलित कानून बमोजिम भए गरेका निर्णय वा आदेश वा तत्सम्वन्धी अधिकारपत्रका प्रमाणिकरण यसै नियम बमोजिम भए गरको मानिनेछ

आज्ञाले

कमलापति भट्ट

प्रमुख प्रशासकिय अधिकृत